सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल

निमित्त प्रमुख सचिव

# सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने कार्यलाई थप व्यवस्थित बनाउन वाञ्छनीय भएकाले,

वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ६ को उपदफा (४) को प्रयोजनको लागि सोही ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले ऐनको दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "योजना आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना तथा कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

(ज) "सम्बन्धित मन्त्रालय" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमका आयोजना तथा कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

३. समपूरक अनुदान प्रदान गरिने क्षेत्र र सीमाः (१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने देहायका पूर्वाधार विकास सम्बन्धी योजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः-

(क) स्थानीय ग्रामीण वा कृषि सडक, जलमार्ग, आकाशे पुल तथा सहरी सडकसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,

(ख) नवीनतम् प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाइ आयोजना तथा कार्यक्रम,

(ग) राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले कार्यान्वयन हुने विद्युत उत्पादन तथा प्रसारण आयोजना तथा कार्यक्रम,



नि.प्रदेश सचिव

निमित्त प्रमुख सचिव

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

(घ) स्थानीयस्तरका सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय तथा अन्य विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ङ) साना तथा मझौला पुल तथा झोलुङ्गे पुल निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(च) पर्यटन, खेलकुद सम्बन्धी पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका क्षेत्र,

(छ) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित आवश्यक पूर्वाधार निर्माण आयोजना तथा कार्यक्रम,

(ज) कृषि उपजको भण्डारण गृह तथा शित गृह,

(झ) स्थानीय तहको लागि आवश्यक पर्ने वडा कार्यालय रहने भवनहरू,

(ञ) सौर्य, वायु लगायतका वैकल्पिक ऊर्जा उत्पादनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,

(ट) नवीन प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन् र व्यवस्थापन गर्ने आयोजना तथा कार्यक्रम,

(ठ) वन, वातावरण तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ड) जोखिमयुक्त वस्ती स्थानान्तरण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ढ) विपद्‌बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ण) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वियन गर्ने गरी तोकिएका आयोजना तथा कार्यक्रम,

(त) अध्ययन तथा ज्ञान केन्द्र, स्थानीय पूर्वाधार प्रयोगशाला, विज्ञान तथा कृषि प्रयोगशाला, नीति परीक्षण ल्याब जस्ता अनुसन्धान र विकास तथा नवप्रवर्तन सम्बन्धी आयोजना तथा कार्यक्रम।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयलाई समेत आधार लिनु पर्नेछ।

(३) स्थानीय तहले समपूरक अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनु पर्नेछः-

(क) गाउँपालिकाबाट कार्यान्वयन हुने एक वर्षीय आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान पचास लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म,



नि.प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल
निमित्त प्रमुख सचिव

(ख) गाउँपालिकाबाट कार्यान्वयन हुने बहुवर्षीय (तीन वर्षमा सम्पन्न हुने) आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म,

(ग) नगरपालिकाबाट कार्यान्वयन हुने एक वर्षीय आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान पचास लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म,

(घ) नगरपालिकाबाट कार्यान्वयन हुने बहुवर्षीय (तीन वर्षमा सम्पन्न हुने) आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म,

(ङ) उपमहानगरपालिकाबाट कार्यान्वयन हुने एक वर्षीय आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म,

(च) उपमहानगरपालिकाबाट कार्यान्वयन हुने बहुवर्षीय (तीन वर्षमा सम्पन्न हुने) आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान दुई करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म।

(४) दफा ४ को उपदफा (३) बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना तथा कार्यक्रम प्रत्येक स्थानीय तहले तीन वर्षभित्र सम्पन्न गर्ने गरी बढीमा तीन वटा प्रस्ताव गर्नु पर्नेछ।

४. <u>समपूरक अनुदान माग गर्ने</u>: (१) योजना आयोगले प्रत्येक वर्ष फागुन मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

तर आर्थिक वर्ष २०७९/८० को हकमा २०७९ साल चैत्र पाँच गतेभित्र सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) स्थानीय तहले समपूरक अनुदान माग गर्दा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने हो सो कुराको यकिन गरी अनुदान माग गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुदान माग गर्दा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र अनुसूची-१ बमोजिमको ढाँचामा योजना आयोगसमक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेस गर्ने अवधिमा पर्याप्त प्रस्ताव प्राप्त हुन नसकेको योजना आयोगलाई लागेमा बढीमा पन्ध्र दिनको सूचना दिई योजना आयोगले पुनः प्रस्ताव माग गर्न सक्नेछ ।

नि.प्रदेश सचिव

(५) उपदफा (१) बमोजिम सूचना जारी भएपछि, स्थानीय तहले समपूरक अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम सम्बन्धी प्रस्ताव योजना आयोगले तोकेको विद्युतीय प्रणालीमार्फत पेस गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिम पेस गरिने प्रस्तावमा देहायका विषयहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याइँ,

(ख) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना तथा कार्यक्रमको कुल लागत,

(घ) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ङ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(छ) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) आयोजना तथा कार्यक्रमको प्रचलित कानुन बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(झ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना तथा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ञ) आयोजना तथा कार्यक्रमको कुल लागतमध्ये प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(ट) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ठ) समय समयमा योजना आयोगले तोकेका अन्य विवरण।

(७) उपदफा (३) बमोजिम समपूरक अनुदानबाट आयोजना तथा कार्यक्रमको कुल लागत रकममध्ये स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेस गर्नु पर्नेछ।

(८) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना तथा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ।

(९) स्थानीय तहले क्रमागत आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्दा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

५. <u>आयोजना तथा कार्यक्रम छनौट समितिः</u> (१) दफा ४ बमोजिम समपूरक अनुदानबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव भई आएमा त्यस्ता आयोजना तथा कार्यक्रमको सम्बन्धमा आवश्यक छानबिन तथा सिफारिस गरी बजेट तथा कार्यक्रममा समावेश गर्न योजना आयोगमा देहाय बमोजिमको एक आयोजना तथा कार्यक्रम छनौट समिति रहनेछः-

(क) योजना आयोगको उपाध्यक्ष - संयोजक
(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ग) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य
(घ) प्रदेश सचिव, प्रदेश सरकारको विषयगत मन्त्रालय - सदस्य
(ङ) सचिव, योजना आयोग - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले देहायका आधारमा योजना छनौट गर्नु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, योजना कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,
(ख) आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,
(ग) प्रदेश सरकारको आवधिक योजनाको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,
(घ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,
(ङ) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुग्ने आयोजना तथा कार्यक्रम,
(च) रोजगारी वृद्धि गर्ने आयोजना तथा कार्यक्रम,
(छ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने दिगो र भरपर्दो आयोजना तथा कार्यक्रम,
(ज) स्थानीय तहको योगदानको हिस्सा धेरै भएको आयोजना तथा कार्यक्रम,
(झ) स्थानीय सिप, साधन र स्रोतको अधिकतम उपयोग हुने आयोजना तथा कार्यक्रम,
(ञ) प्रादेशिक योजनाले लिएका प्राथमिकता र उद्देश्यसँग मेल खाने र प्रादेशिक सन्तुलन कायम गर्न सहयोग पुग्ने।

(३) समितिले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपदफा (२) बमोजिमको अतिरिक्त सम्बन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क र सो क्षेत्रको पूर्वाधार विकासको अवस्था समेतको आधारमा आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ।

(४) समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रम चालु आर्थिक वर्षको वैशाख मसान्तभित्र छनौट गर्नु पर्नेछ।

(५) समितिले आयोजना तथा कार्यक्रम छनौट गरिसकेपछि योजना आयोगले त्यसरी छनौट भएका स्थानीय तहका आयोजना तथा कार्यक्रमको विवरण सहितको जानकारी जेठ पन्ध्र गतेभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) मन्त्रालयले स्थानीय तहबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबिआइएस) मा र सम्बन्धित स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(७) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेस भएपछि योजना आयोगले समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको विवरण वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

६. <u>प्रदेश सरकारले समपूरक अनुदान प्रदान गर्ने:</u> (१) समितिले छनौट गरेको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि त्यस्तो आयोजना तथा कार्यक्रमको कुल लागत, आयोजना तथा कार्यक्रमको प्रकृति, आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, आयोजना तथा कार्यक्रमबाट हुनसक्ने उपलब्धि, आयोजना तथा कार्यक्रमको दिगोपना समेतको आधारमा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रसँगको साझेदारीमा पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना तथा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तह र निजी क्षेत्रले व्यहोर्ने रकम बाहेक नपुग रकम प्रदेश सरकारले समपूरक अनुदानको रूपमा सम्बन्धित स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेटको सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिंदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना तथा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा चौमासिक रूपमा रकम उपलब्ध गराउनेछ।

(५) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेस गरेपछि मात्र त्यस्तो आयोजना तथा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइने छ।

नि.प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल

निमित्त प्रमुख सचिव

७. **समपूरक अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका योजना वा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध गराउने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका आयोजना तथा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका आयोजना तथा कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रूपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने आयोजना तथा कार्यक्रम,

(च) वातावरणमा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका आयोजना तथा कार्यक्रम,

(छ) दफा ३ को उपदफा (३) बमोजिमको सीमाभन्दा कम वा बढी कुल लागत अनुमान भएको आयोजना तथा कार्यक्रम।

८. **मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने:** स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६ बमोजिम तयार गर्नुपर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ ।

९. **आवधिक योजनामा समावेश गर्नुपर्ने:** स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमलाई स्थानीय तहको आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

१०. **अनुदान-रकम खर्च गर्ने प्रक्रिया:** (१) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना तथा कार्यक्रममा खर्च गर्न पाइने छैन।

(३) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाइ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्नु पर्नेछ।

(५) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ।



प्रदेश सचिव

११. <u>आयोजना तथा कार्यक्रम तोकिएको समयावधिभित्र सम्पन्न गर्नुपर्नेः</u> समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रम दफा ४ बमोजिम पेस गरिएको प्रस्तावमा तोकिएको समयावधिभित्र सम्पन्न गरी सक्नु पर्नेछ। सो अवधिभित्र आयोजना तथा कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

१२. <u>आयोजना तथा कार्यक्रम हेरफेर गर्न नहुनेः</u> समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनौट भएका आयोजना तथा कार्यक्रमका लागि बजेटमा विनियोजित रकम सोबाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, आयोजना तथा कार्यक्रमको नाम, क्रियाकलाप, आयोजनास्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

१३. <u>मन्त्रालयले निर्देशन दिन सक्नेः</u> (१) समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्यसम्पन्न नहुने देखिएमा वा कुनै कारणले आयोजना तथा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई तोकिएको निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटी पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालयले सोको छानबिन गरी सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारका लागि निर्देशन दिनु पर्नेछ।

(३) मन्त्रालयले उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१४. <u>अनुगमन तथा प्रतिवेदनः</u> (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) आयोजना तथा कार्यक्रम सञ्चालित वडाको वडाध्यक्ष - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रको एक जना प्राविधिक कर्मचारी वा विषय विशेषज्ञलाई अनिवार्य रूपमा सहभागी गराउनु पर्नेछ।

(३) समपूरक अनुदानबाट स्थानीय तहले कार्यान्वयन गरेका आयोजना तथा कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक, पारदर्शी किसिमले र तोकिएको समय सीमाभित्र भए नभएको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय वा योजना आयोग र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले अनुगमन गर्न सक्नेछ।

नि. प्रदेश सचिव

(४) उपदफा (१) बमोजिमको समितिले कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाइ मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(५) सबै स्थानीय तहले आफ्नो क्षेत्रमा समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी मन्त्रालय, योजना आयोग, सम्बन्धित मन्त्रालय र सम्बन्धित जिल्लाको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

१५. <u>अनुदान रकम कट्टा वा रोक्का गर्न सकिने:</u> (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रममा लक्षित उद्देश्य अनुरूप कार्यप्रगति हुन नसकेमा वा मन्त्रालयले दफा १२ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा प्रदेश सरकारले त्यस्तो आयोजना तथा कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने समपूरक अनुदान रकमबाट कट्टा गर्न वा रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा १३ बमोजिम अनुगमन तथा प्रगति प्रतिवेदन पेस गरेमा, तोकेको समयमा कार्यसम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१६. <u>आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी:</u> समपूरक अनुदानबाट सम्पन्न भएका आयोजना तथा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना तथा कार्यक्रम सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व बहन गर्ने छैन।

१७. <u>खारेजी र बचाउ:</u> (१) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

नि.प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल

निमित्त प्रमुख सचिव

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

समपूरक अनुदान प्रस्ताव गर्ने फाराम

(१) अनुदान माग गर्ने स्थानीय तहको नाम :

(२) ठेगानाः

(३) फोन, फ्याक्स र इमेल :

(४) कार्यक्रम वा आयोजनाको नाम :

(५) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने स्थानः

(६) कार्यक्रम वा आयोजनाको कुल लागत रकम रु. :

(७) कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

(८) कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयः

(९) कुल लागतमा स्थानीय तहको अनुपात रकम :

(१०) निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकम :

(११) प्रदेश सरकारले व्यहोर्ने रकम :

(१२) संलग्न आवश्यक कागजातः

(क) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिविलीटि स्टडी) प्रतिवेदन,

(ख) आयोजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(ग) स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(घ) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) प्रचलित कानुन बमोजिम आयोजना तथा कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(च) मन्त्रालय वा योजना आयोगले तोकेका अन्य विवरण वा कागजात ।

प्रमुख प्रशासकीय अधिकृतको-

दस्तखत :

नाम :

पदः

मिति :

नि.प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

अनुसूची-२

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

निमित्त प्रमुख सचिव

## प्रगति प्रतिवेदनको ढाँचा

आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नंः

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम | आयोजना तथा कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | .....अवधिको लक्ष्य | | .....अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

मितिः

नि.प्रदेश सचिव

प्रमाणित गर्ने

मितिः

❑❑❑